6th of may

यो आकाशवाणी हो

समाचार अनुशिला शर्माबाट सुन्नुहोस

प्रमुख खबरहरुबाट

- प्रधानमन्त्री मोदी अनि अस्ट्रेलिया प्रधानमन्त्रीबीच भेटवार्तो
- पहलगाम हमलाको विश्वव्यापी विरोध
- 2026-मा भारतले अंतरिक्ष र समुद्रको गहराईको पत्तो लगाउनेछ डॉ जितेन्द्र सिंहको भनाई
- भियातनाममा संयुक्त राष्ट्र वेसाक दिवसमा किरेन रिजिजूको सम्बोधन
- जातीय जनगणनामा संवादको आग्रह गर्दै कांग्रेस अध्यक्ष खड्गेले लेखे, प्रधानमन्त्री मोदीलाई पत्र

## प्रधानमन्त्री मोदी अनि अस्ट्रेलिया प्रधानमन्त्रीबीच भेटवार्तो

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अष्ट्रेलियाका प्रधानमन्त्री ANTHONY ALBANESE-सित कुराकानी गर्नुभयो र उहाँको दोस्रो कार्यकालका लागि उहाँलाई बधाई दिनुभयो। कुराकानीको बेला प्रधानमन्त्रीले दुवै देशहरू बीच व्यापक रणनीतिक साझेदारीलाई दरिलो पार्ने आफ्नो प्रतिबद्धता दोह्याउनुभयो। दुवै नेताहरूले द्विपक्षीय संबधहरूलाई दरिलो पार्नमा जीवन्त भारतीय मूलका प्रवासीहरूले खेलेको भूमिकामा जोड़ दिए।

दुवै नेताहरूले आपसी हितका क्षेत्रीय र वैश्विक मामिलाहरूबारे पनि विचारहरूको आदान – प्रदान गरे अनि एक स्वतन्त्र, खुल्ला, स्थिर, नियम आधारित तथा समृद्ध हिन्द प्रशान्तलाई बढुवा दिनुमा साथ मिलेर काम गर्ने आफ्नो प्रतिबद्धता दोह्योस।

## 2026-मा भारतले अंतरिक्ष र समुद्रको गहराईको पत्तो लगाउनेछ डॉ जितेन्द्र सिंहको भनाई

अन्तरिक्ष तथा परमाणु ऊर्जा राज्य मन्त्री डॉ जितेन्द्र सिंहले गगनयान मिशनको सफलता सुनिश्चित गर्नका लागि नौसेनाले महत्वपूर्ण भूमिका खेलने भन्नुभएको छ। नयाँ दिल्लीमा सम्वाददाताहरूलाई संबोधित गर्दै श्री सिंहले भन्नुभयो वर्ष 2026 एउटा ऐतिहासिक वर्ष हुनेछ जसमा भारतले अंतरिक्ष र समुद्रको गहराईको पत्तो लगाउनेछ। BYTEEE..

भारतीय अन्तरिक्ष अनुसन्धान संगठनका अध्यक्ष डॉ वी नारायणनले पहिलो मानव रहित गगनयान मिशन, वर्ष 2025 को अंत्य सम्म र मानवयुक्त मिशन वर्ष 2027 को शुरूवातमा थालिनेछ,भन्नुभयो। Global Space exploration conference 2025, भोलि देखि नयाँ दिल्लीमा शुरू हुने पनि उहाँले भन्नुभयो।

## पहलगाम हमलाको विश्वव्यापी विरोध

पहलगाम आतंकी हमलाका पीड़ितहरूका साथ एक्यवद्धता व्यक्त गर्न भनि भारतीय समुदायले विश्वभरिमा शान्तिपूर्ण रैली र प्रार्थना सभाहरू आयोजित गरि रहेको छ। यी प्रदर्शनहरू, हिंसाको सामूहिक निन्दा र आतंक सामु, शान्ति र न्यायका निम्ति एक साझा आहवान हुन्। अमेरीकामा भारतीय समुदायले अटलान्टामा एक विरोध रैलीको आयोजना गर्यो। न्यूयॉर्कमा जैक्सन हाइट्सको सेंट मेरी आर्थोडाक्स चर्चमा एक प्रार्थना सभामा मानिसहरूले पीड़ितहरूलाई श्रद्धान्जली अर्पित गरे।

यसरी नै स्पेन, कैनेडाको टोरन्टो र स्वीडनमा पनि भारतीय प्रवासीहरूले आतंकवाद विरूद लड़ाईमा एकजुट्टा प्रदर्शित गरेका छन्।

## भियातनाममा संयुक्त राष्ट्र वेसाक दिवसमा किरेन रिजिजूको सम्बोधन

आज भियतनामको हो ची मिन्ह सिटीमा आयोजित संयुक्त राष्ट्रसंघीय वेसाक दिवसको उद्घाटन समारोहलाई सम्बोधन गर्नुभयो। उहाले प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट शुभकामना तथा सन्देश दिएनुभयो थियो। उक्त अवसरमा मन्त्री रिजिजूले भगवान बुद्धका कालजयी शिक्षाहरू आजका धेरै वैश्विक चुनौतीहरूका लागि गहन अन्तरदृष्टि र समाधान प्रस्तुत गर्ने उल्लेख

गर्नुभयो। उहाले भन्नुभयो, यी सबै शिक्षाहरू बौद्ध दर्शनमा गहिरो रूपमा निहित छन्। साथै, उहाले भगवान बुद्धका अनुयायीहरूलाई भारतमा रहेका पवित्र स्थलहरूको भ्रमण गर्न आमन्त्रण पनि  गर्नुभयो।

समारोहमा भियतनामका राष्ट्रपति लुओंग कुओंग, श्रीलङ्काका राष्ट्रपति अनुर कुमारा दिसानायके र भियतनाम बौद्ध संघका संघराजले पनि समारोहलाई सम्बोधन गर्नुभएको थियो। मन्त्री रिजिजूले भियतनामका राष्ट्रपति लुओंग कुओंगसँग छुट्टै भेट पनि गर्नुभएको थियो।भारत र भियतनामबीचको बहुआयामिक सहयोगमा भइरहेको सकारात्मक प्रगतिलाई स्वीकार्दै, दुवै नेताले दुई देशबीचको व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**महाराष्ट्रमा स्थानीय निकाय निर्वाचन गर्न सर्वोच्च अदालतको निर्देशन, चार महिनाभित्र प्रक्रिया सम्पन्न गर्न आदेश**

भारतको सर्वोच्च अदालतले आज महाराष्ट्र राज्य निर्वाचन आयोगलाई चार हप्ताभित्र स्थानीय निकाय निर्वाचनको सूचना जारी गर्न निर्देशन दिएको छ। अन्य पिछडिएको वर्ग (OBC) को आरक्षणसँग सम्बन्धित मुद्दाका कारण राज्यमा सन् 2022 देखि स्थानीय निकाय निर्वाचन रोकिएको थियो।न्यायाधीश सूर्यकान्त र न्यायाधीश एन. कोटिश्वर सिंहको इजलासले भनेको छ कि स्थानीय निकाय निर्वाचनहरू ती आरक्षण व्यवस्थाअनुसार गरिनुपर्नेछ, जुन जुलाई 2022 मा बंठिया आयोगको प्रतिवेदन आउनु अघि विद्यमान थिए। इजलासले निर्वाचन सम्पन्न गर्न समयसीमा तोकेको छ र राज्य आयोगलाई चार महिनाभित्र सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्न निर्देशन दिएको छ। सर्वोच्च अदालतले आफ्नो आदेशमा उल्लेख गरेको छ कि स्थानीय स्तरको लोकतन्त्रका लागि संविधानले तोकेको जनादेशको सम्मान गरिनु आवश्यक छ।

**विश्व अस्थमा दिवसमा जनचेतनाको आह्वान, प्रारम्भिक निदान र उपचारमा जोड**

केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले दम अथवा अस्थमा रोगको उन्मूलनका लागि प्रारम्भिक पहिचान र उचित उपचार अत्यन्तै आवश्यक भएको बताउनु भएको छ। मन्त्री नड्डाले सामाजिक सञ्जालमार्फत जनाउँदै भन्नुभएको छ कि 'विश्व अस्थमा दिवस' दम रोगसम्बन्धी जनचेतना फैलाउने र यसबाट पीडितहरूको हेरचाह प्रवर्द्धन गर्ने महत्त्वपूर्ण माध्यम हो।

उहाले नीतिनिर्माताहरू, स्वास्थ्य सेवा पेशेवरहरू र समाजलाई दम रोगसँग सम्बन्धित जटिलताहरू घटाउन तथा स्वासप्रश्वाससम्बन्धी स्वास्थ्यलाई प्रवर्द्धन गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभयो।

स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री अनुप्रिया पटेलले पनि नागरिकहरूलाई स्वासप्रश्वाससम्बन्धी लक्षणहरूलाई उपेक्षा नगर्न सुझाव दिनुभएको छ। उहाले जीवनशैली सुधार, प्रदूषण नियन्त्रण तथा जनचेतना फैलाउने उपायहरूलाई दम रोकथामका लागि सबैभन्दा प्रभावकारी उपाय भन्नुभयो।

**समाचार आकाशवाणीबाट हुनुहुँदैछ**

**मार्गरिटा- न्यूजीलैन्ड फिजी**

परराष्ट्र मामिलाहरूकी राज्यमन्त्री पवित्र मार्गरिटा बिहीबार देखि न्यूजीलैण्ड र फिजीको पाँच दिने यात्रामा हुनुहुनेछ। न्यूजीलैन्डको यात्राको बेला श्री मार्गरिटा राजनीतिक नेतृत्वका साथ द्विपक्षीय बैठक गर्नुसक्नु हुन्छ। उहाँले आफलैण्डमा व्यावसायिक समुदायहरूका प्रमुख उद्योगपति र भारतीय मूलका सदस्यहरूका साथ पनि कुराकानी गर्नुहुनेछ। एक प्रेस विज्ञप्तिमा विदेश मन्त्रालयले बताएकोछ, प्रशान्त क्षेत्रका साथ भारतको संबध नियमित द्विपक्षीय आदान- प्रदान सित बहुआयामी र सशक्त भएकोछ।

**जातीय जनगणनामा संवादको आग्रह गर्दै कांग्रेस अध्यक्ष खड्गेले लेखे, प्रधानमन्त्री मोदीलाई पत्र**

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेले आज जातीय जनगणनासम्बन्धी केही सुझावसहित प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्नुभएको छ। उक्त पत्रमा उहाले जातीय जनगणना विषयमा सबै राजनीतिक दलहरूसँग संवाद गर्न प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको छ । श्री खड्गेले आरक्षणमा कायम 50 प्रतिशतको सीमालाई हटाउनुपर्ने पक्षमा पनि आफू रहेको उल्लेख गर्नुभएको छ । उसाले निजी शैक्षिक संस्थाहरूमा अनुसूचित जाति, जनजाति तथा अन्य पिछडिएको वर्ग (OBC) का लागि आरक्षण व्यवस्था लागू गर्न माग गर्नुभएको छ ।यसैबीच, भारतीय जनता पार्टी (भाजपा) ले श्री खड्गेको आलोचना गर्दै उक्त पत्रलाई श्रेय लिने हताशा स्वरूप लेखिएको आरोप लगाएको छ।

**मानव विकासमा मन्दी, UNDP को चेतावनी—विश्व असुरक्षित र विभाजित बन्दै**

संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनमा भनिएको छ कि सन् 2024 मा विश्वव्यापी विकासको गति सुस्त भएको छ। संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) द्वारा आज सार्वजनिक गरिएको वार्षिक मानव विकास सूचकांक (HDI) प्रतिवेदन अनुसार, 2023-सम्म कोविड महामारीपछिको सुधार देखिए तापनि आम्दानी वृद्धिमा आएको स्थिरता र द्वन्द्वहरूको संख्या बढ्दै जाँदा विकासको गति फेरि सुस्त हुँदै गएको छ।

**पुंछमा यात्रु बस दुर्घटना, चार जनाको मृत्यु र 44 घाइते**

जम्मु–कश्मीरको सिमावर्ती जिल्ला पुंछमा आज एक निजी यात्रु बस भीरबाट झर्दा एक सुरक्षाकर्मीसहित चार यात्रुको मृत्यु भएको छ। उक्त दुर्घटनामा 44 जना यात्रु घाइते भएका

छन्। उपराज्यपाल मनोज सिन्हा अनि मुख्यमन्त्री उमर अब्दुल्लाले दुर्घटनाप्रति दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्री मोदी अनि अस्ट्रेलिया प्रधानमन्त्रीबीच भेटवार्तो
- पहलगाम हमलाको विश्वव्यापी विरोध
- 2026-मा भारतले अंतरिक्ष र समुद्रको गहराईको पत्तो लगाउनेछ डॉ जितेन्द्र सिंहको भनाई
- भियातनाममा संयुक्त राष्ट्र वेसाक दिवसमा किरेन रिजिजूको सम्बोधन
- जातीय जनगणनामा संवादको आग्रह गर्दै कांग्रेस अध्यक्ष खड्गेले लेखे, प्रधानमन्त्री मोदीलाई पत्र